फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:-२०८२/११/१४
ने.सं.:-११४६ चिल्लाथ्व १०, बिहीबार

**सवारी साधन सञ्चालन एवम् मदिराजन्य पदार्थको विक्री वितरण सम्बन्धमा अत्यन्त जरूरी सूचना ।**

यही मिति २०८२ फाल्गुन २१ गते बिहीबारको दिन हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा देहायबमोजिम गर्नु, गराउनु हुन सम्बद्ध सबै पक्षमा निर्णयानुसार अनुरोध गरिन्छ ।

देहाय:-

१. मिति २०८२-११-२० गते मध्यराती १२:०० बजेदेखि मिति २०८२-११-२१ गते मतदान कार्य सम्पन्न नहुँदासम्म एम्बुलेन्स, खनेपानीको ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दूरसञ्चार सेवा, शव वाहन, अस्पताल सेवा, विद्युत सेवा जस्ता अत्यावश्यक सेवा, नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी र अनुमति प्राप्त सवारी साधन बाहेक सम्पूर्ण निजी तथा सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालन नगर्ने, नगराउने ।
२. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई मध्यनजर गर्दै मिति २०८२ फाल्गुन १४ गतेदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ विक्री वितरण तथा सार्वजनिक रूपमा सेवन नगर्ने, नगराउने ।
३. निर्वाचनको समयमा सार्वजनिक शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्नका लागि चालिएको यस कदममा सबै होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज र आम सर्वसाधारणबाट पूर्ण सहयोगको अपेक्षा गरिएको छ ।

यस सूचना विपरीतका कार्य, प्रचलित कानून तथा निर्वाचन आचारसंहिता विपरीतका कार्य एवं निर्वाचन विरोधी कुनै किसिमको गतिविधि भएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही गरिने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

२०८२।११।१४

सहायक प्रमुख जिल्ला अधिकारी